नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# करार जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०८२

## १. पृष्ठभूमि

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले वार्षिक कार्यक्रम तथा बजेट अनुसार तोकिएको लक्ष्य प्राप्तिको लागि केन्द्रमा कार्यरत स्थायी कर्मचारीको अलवा स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटको अधिनमा रही थप जनशक्ति लिन वैकल्पिक ऊर्जा विकास समिति (गठन आदेश), २०५३ को दफा ९ र कर्मचारी सेवाशर्त नियमावली, २०६६ (छैठौं संशोधन सहित) को नियम ११६ बमोजिम करार जनशक्ति छनौट गर्ने प्रयोजनको लागि यो करार जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०८२ तयार गरिएको छ ।

## २. छनौट समिति गठन

जनशक्ति छनौटको लागि देहाय बमोजिमको एक छनौट समिति रहनेछ :

(क) कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - अध्यक्ष

(ख) मन्त्रालयको प्रतिनिधि - सदस्य

(ग) छनौट समितिले तोकेको विज्ञ - सदस्य

(घ) केन्द्रको प्रशासन महाशाखा प्रमुख - सदस्य सचिव

## ३. छनौट विधि :

करारमा जनशक्ति छनौट गर्दा लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट गरिनेछ । तर श्रेणीबहिनि जनशक्ति (हलुका सवारी चालक र कार्यालय सहयोगी) को हकमा अन्तार्वर्ताको माध्यमबाट मात्र गरिनेछ । लिखित परीक्षा, शैक्षिक योग्यता र कार्य अनुभव तथा अन्तर्वार्ताको कूल पूर्णाङ्क १०० निर्धारण गरी देहाय बमोजिम वर्गीकरण गरिएको छ :

(क) लिखित परीक्षा : ५० अंक

लिखित परीक्षाको पाठ्यक्रम छनौट समितिले स्वीकृत गरी केन्द्रको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

(ख) शैक्षिक योग्यता र कार्य अनुभव : १५ अंक

(अ) न्युनतम शैक्षिक योग्यता : ७ अंक

(आ) एक तहमाथिको शैक्षिक योग्यता : ३ अंक

(इ) कार्य अनुभव : ५ अंक (प्रतिवर्ष १ अंकको दरले)

(ग) अन्तर्वार्ता : ३५ अंक

## ४. अन्तर्वार्ताको अंक वर्गीकरण

अन्तर्वार्ताको कूल पूर्णांक ३५ लाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :

### ४.१ प्राविधिक जनशक्तिको हकमा

(क) विषयसँग सम्बन्धित तथा नवीकरणीय ऊर्जा प्रविधिहरु सम्बन्धी ज्ञान : १५ अंक

(ख) समसामयिक विषयसँग सम्बन्धित ज्ञान (नेपालको संविधान, संघीय संरचना, भौगोलिक तथा राजनैतिक विभाजन, जनसंख्या, नवीकरणीय ऊर्जा सम्बन्धी नीति नियम लगायत अन्य सान्दर्भिक विषयवस्तु) : १० अंक

(ग) व्यक्तित्व : ५ अंक

(घ) समस्या समाधान गर्नसक्ने क्षमता : ५ अंक

### ४.२ अप्राविधिक जनशक्तिको हकमा

(क) विषयसँग सम्बन्धित तथा नवीकरणीय ऊर्जा सम्बन्धी नीति नियमहरुको ज्ञान : १५ अंक

(ख) समसामयिक विषयसँग सम्बन्धित ज्ञान (नेपालको संविधान, संघीय संरचना, भौगोलिक तथा राजनैतिक विभाजन, जनसंख्या लगायत अन्य सान्दर्भिक विषयवस्तु) : १० अंक

(ग) व्यक्तित्व : ५ अंक

(घ) समस्या समाधान गर्नसक्ने क्षमता : ५ अंक

### ४.३ श्रेणीबिहिन जनशक्तिको हकमा

श्रेणीबिहिनको जनशक्तिको हकमा कार्य अनुभव र अन्तर्वार्ताको कूल पूर्णाङ्क ५० निर्धारण गरी देहाय बमोजिम वर्गीकरण गरिएको छ :

(क) विषयसँग सम्बन्धित ज्ञान : ३५ अंक

(ख) कार्य अनुभव : १५ अंक

**४.४ न्यूनतम योग्यता :** सम्बन्धित पदहरुको न्यूनतम शैक्षिक योग्यता वैकल्पिक ऊर्जा विकास समिति कर्मचारी सेवाशर्त नियमावली, २०६६ को अनुसूची ४ मा रहेको व्यवस्था बमोजिम हुनेछ ।

**५. विज्ञापन प्रकाशन :** (क) राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा ७ दिनको म्याद राखी सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ख) उपखण्ड (क) बमोजिम प्रकाशन गरिने सूचनामा आवश्यकता अनुसार देहायका विषयहरु स्पष्ट रुपमा खुलाउनुपर्नेछ :

(१) पदपूर्ति गरिने पदसंख्या

(२) न्यूनतम शैक्षिक योग्यता

(३) अनुभव र तालिम आवश्यक हुनेमा सो विषय

(४) दरखास्त वा निवेदन बुझाउने म्याद, स्थान, परीक्षाको किसिम

(५) दरखास्त दस्तुर

**६. दरखास्त फाराम र दस्तुर**

६.१ दरखास्त फाराम अनुसूची १ बमोजिम हुनेछ । दरखास्त फाराम साथ शैक्षिक योग्यताको प्रमाणपत्र कार्यानुभव र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ । वैदेशिक शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण भएको हुनु पर्नेछ ।

६.२ दरखास्त दस्तुर : दरखास्त दस्तुर लोक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

**७. सूची प्रकाशन**

बुँदा नं. ६ बमोजिम केन्द्रमा पर्न आएका आवेदकहरुको संलग्न शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, इन्जिनियरको हकमा नेपाल इन्जिनियरिङ्ग काउन्सिलको दर्ता र वैदेशिक शैक्षिक योग्यताको हकमा समकक्षता, कार्य अनुभवको प्रमाणपत्र संलग्न भए नभएको चेकजाँच

गरी उल्लेखित कागजात पूरा भएका उम्मेदवारहरुको नामावली स्वीकृत गरी लिखित परीक्षा/ अन्तर्वार्ताको मिति र समय तोकी सूची प्रकाशन गर्नुपर्नेछ ।

**८. <u>लिखित परीक्षा र अन्तर्वार्ता</u> :**

बुँदा नं. ७ बमोजिम तोकिएको मिति र समयमा लिखित परीक्षा/अन्तर्वार्ता सञ्चालन गर्नुपर्नेछ । लिखित परीक्षामा सफल हुने उम्मेदवारको नतिजा प्रकाशन गर्दा अन्तर्वार्ताको मिति र समय समेत तोकी वर्णानुक्रम अनुसार सूची प्रकाशन गर्नुपर्नेछ ।

**<u>९. अन्तर्वार्ता सञ्चालन</u>**

अन्तर्वार्ता सञ्चालनको लागि छनौट समितिले एकजना विषय विज्ञ र मन्त्रालयको प्रतिनिधि सहित ४ सदस्यीय अन्तर्वार्ता समिति गठन गर्नुपर्नेछ ।

अन्तवार्ताकर्ताले बुँदा नं. ४ मा उल्लेखित वर्गीकरणमा केन्द्रित भै प्रश्न सोध्नुपर्नेछ । अन्तर्वार्ताकर्ताले अन्तरर्वार्तामा सहभागी उम्मेवारलाई साधारण तया कूल पूर्णाङ्कको ४०% भन्दाकम र ७०% भन्दा बढी अंक दिन पाउने छैन र ४०% भन्दा कम र ७०% भन्दा बढी अंक दिनु पर्ने भएमा कारण खुलाउनु पर्नेछ ।

**<u>१०. नतिजा तयारी</u>**

छनौट समितिले अन्तर्वार्ता सम्पन्न भएको ७ दिनभित्र शैक्षिक योग्यता, कार्य अनुभव र अन्तार्वार्ताको प्राप्तांक जोडी योग्यताक्रम सूची तयार गर्नुपर्नेछ । योग्यताक्रम सूची तयार गर्दा माथिल्लो प्राप्तांकको आधारमा तयार गर्नुपर्नेछ । योग्यताक्रम सूची तयार गर्दा आवश्यक संख्याको ३० प्रतिशत थप वैकल्पिक योग्यताक्रम सूची तयार गर्नुपर्नेछ ।

**<u>११. नतिजा प्रकाशन</u>**

मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवार सहितको योग्यताक्रम सूची छनौट समितिबाट स्वीकृत भइसकेपछि नतिजा प्रकाशन गर्नुपर्नेछ ।

**<u>१२. बिबिध</u>**

यस कार्यविधिको व्याख्या गरी कार्यान्वयन गर्ने अन्तिम अधिकार छनौट समितिमा रहनेछ । यस कार्यविधिमा उल्लेखित कुनै बुँदामा दुबिधा भएमा छनौट समितिको निर्णय अन्तिम हुनेछ ।

अनुसूची १

## (बुँदा नं. ६ सँग सम्बन्धित)

## दरखास्त फारामको ढाँचा

| कार्यालयको प्रयोजनको लागि<br>दरखास्त दर्ताको सिलसिलेवार<br>नम्बर : |
|---|

| दुवै कान देखिने फोटो<br>यहाँ टासी<br>उम्मेदवारले फोटोमा<br>र फारममा पर्ने गरी<br>हस्ताक्षर समेत गर्ने |
|---|

विज्ञापन नं.:

जाँच दिने :

(क) पदः (ख) सेवाः

१. (क) उम्मेदवारको पूरा नाम, थर समेत :

२. (क) विवाहित वा अविवाहित :

(ख) विवाहित महिला उम्मेदवारको सम्बन्धमा पतिको नाम :

३. स्थायी ठेगाना :

(क) प्रदेशः (ख) जिल्लाः (ग) पालिकाः

(घ) वडा नं.: (ङ) सम्पर्क नं. :

४. हाल बसेको ठेगाना :

(क) प्रदेशः (ख) जिल्लाः (ग) पालिकाः

(घ) वडा नं.: (ङ) सम्पर्क नं. :

५. बाजेको पूरा नाम (थर समेत):

६. बाबुको : (क) पूरा नाम, थर समेत):

(ख) पेशाः (ग) ठेगानाः

७. (क) उम्मेदवारको जन्म मिति :

(ख) दरखास्त दिने अन्तिम मितिमा हुने उमेर : वर्षः महिनाः दिनः

८. नागरिकता :

९. शैक्षिक योग्यता :

| उत्तीर्ण भएको परीक्षा | परीक्षा लिने संस्थाको नाम ठेगाना | परीक्षा पास गरेको साल | प्राप्त श्रेणी र कूल प्राप्ताङ्क प्रतिशत | डिष्टिङ्सन प्राप्त गरेको भए विषय | परीक्षामा लिएका मुख्य विषयहरू |
|---|---|---|---|---|---|
| | | | | | |

परीक्षामा उत्तीर्ण भएको पुष्टि गर्ने प्रमाणपत्र, मार्कशीट वा ट्रान्सक्रिप्ट र अन्य प्रमाणपत्रहरू दरखास्त साथ संलग्न हुनुपर्दछ ।

१०. उम्मेदवारले पहिले र अहिले सरकारी वा अन्य सार्वजनिक संस्थामा काम गरेको शुरुदेखिको विस्तृत विवरण :

| नयाँ नियुक्ति वा बढुवा भएको मिति | नयाँ नियुक्ति, सरुवा, बढुवा मध्ये कुन हो ? | स्थायी वा अस्थायी | पदको स्तर (प्राविधिक र अप्राविधिक, श्रेणी र तह, अधिकृत र सहायक स्तर) | कार्यालय | सरुवा र बढुवा मै, राजिनामा गरी वा खोसिई सो पदमा रही बाल रहेको अन्तिम मिति | सरुवा, बढुवा अवकाश वा राजिनामा कुन किसिमको हो, स्पष्ट उल्लेख गर्नुपर्छ | जम्मा बहाल रहेको अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

माथि टाँसिएको हालसालै खिचेको मेरो तस्वीर र माथि उल्लेखित मेरो व्यक्तिगत विवरण ठीक साँचो हो फरक छैन, फरक परे वा झुठो ठहरेमा ऐन सबाल बमोजिम सहुँला बुझाउँला ।

मितिः उम्मेदवारको दस्तखतः ल्याप्चे सहिछाप :

दायाँ बायाँ

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## परीक्षा प्रवेशपत्र

प्रतियोगितात्मक :

अर्न्तवार्ता र लिखित :

| |
|---|
| दुवै कान देखिने फोटो<br>यहाँ टाँसी<br>उम्मेदवारले फोटो र<br>फारममा पर्ने गरी<br>दस्तखत समेत गर्ने |

विज्ञापन नं. ........................

परीक्षा केन्द्र ........................

१. परीक्षाथीले भर्ने :

(क) नाम, थर ...................

(ख) परीक्षा दिने पद ..................तह......................

(ग) सेवा ........................

(घ) परीक्षार्थीको दस्तखत नमूना ....................

२. कार्यालयका सम्बन्धित अधिकृतले भर्ने :

मिति : ..........................

यस कार्यालयबाट मिति ................ बारदेखि लिइने उक्त पदका परीक्षामा निम्न केन्द्रबाट तपाईंलाई सम्मिलित गराउन अनुमति दिइएको छ ।

केन्द्र ............................ रोल नं.........................

दस्तखत .....................

पद ........................